# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५६) काठमाडौं, साउन १ गते २०६३ साल (संख्या १२

## भाग ३

### नेपाल सरकार

### अर्थ मन्त्रालयको

### सूचना १

नेपाल सरकारले आर्थिक अध्यादेश, २०६२ को दफा २० ले दिएको अधिकार प्रयोग गरो राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्र, टेकु, काठमाडौंले JICA को आर्थिक सहयोगमा UNICEF, COPENHAGAN बाट सहयोग स्वरुप प्रदान गरिने जापानी येन ९,९९,५००.०० (नौ लाख उनान्सय हजार पाँच सय) मूल्य बराबरको H.I.V. रोग परीक्षणसंग सम्बन्धित MEDICAL TEST KITS तथा जापानी येन ६,०००.०० (छ हजार) मूल्य बराबरको औषधीहरू आयात गर्दा एक प्रतिशत भन्सार महसुल असूल गरो बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना २

नेपाल सरकारले आर्थिक अध्यादेश, २०६२ को दफा २० ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय खेलकुद परिषद् अन्तर्गतको नेपाल शुटिङ्ग संघ, सातदोबाटो, ललितपुरको लागि जर्मनीको WALTHER COMPANY बाट युरो १४,५७८.०० (चौध हजार पाँच सय अठहत्तर) मूल्य बराबरको सुटिङ्ग खेलसंग सम्बन्धित सामग्रीहरू आयात गर्दा भन्सार महसुल र मूल्य अभिवृद्धि कर पूरै छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
प्रमोदकुमार कार्की
सह-सचिव

मुद्रण विभाग, सिंहदरबार



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-
गो हु द.नं. १६।०६२।६३

96

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।